कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

कोशी प्रदेश,नेपाल

पत्र संख्या: २०७९/८०
चलानी नं.:

मिति:- २०८०-०३-३१गते

---

सूचना !                    सूचना !!                    सूचना !!!

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६(दोस्रो संसोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको आ.ब. २०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न श्रावण १ गतेदेखी भाद्र मसान्त भित्र परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कचनकवल गाउँपालिका क्षेत्रभित्र रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई २०८० श्रावण १ गतेदेखी भाद्र मसान्त भित्र आ--आफ्नो वडा कार्यालयमा लाभग्राही स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्रनवीकरण गराउनुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै तोकिएको समयभित्र परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने र पुनः नयाँ लाभग्राही सरह निवेदन प्राप्त भएको अर्को महिनादेखि मात्र भत्ता उपलब्ध हुने व्यहोरा समेत सूचित गरिन्छ।

**आवश्यक कागजातहरु :**

१. सामाजिक सुरक्षा परिचयपत्र ।
२. नागरिकता प्रमाणपत्र प्रतिलिपी ।
३. ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको हकमा संरक्षकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।
४. बालबालिकाको हकमा जन्मदर्ता र संरक्षकको नागरिकता प्रमाणपत्र प्रतिलिपी ।
५. अपांगता भएका व्यक्तिहरुको हकमा अपाङ्गगता परिचपत्र ।
६. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।
७. एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस ।
८. बैंक चेकबुकको प्रतिलिपि ।
९. २ प्रति पासपोर्ट साईजको फोटो ।

बोधार्थः

१. श्री वडा कार्यालय सबै ,कचनकवल गाउँपालिका ।
२. श्री सूचना प्रविधि शाखा, वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।

०८०।०४।०१
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np Phone No.9852655210
info@kachankawalmun.gov.npkachankawala@gmail.comito.kachankawalmun@gmail.com


Scanned with CamScanner

कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०७९/८०

चलानी नं.: ३८२८

कोशी प्रदेश,नेपाल

मितिः- २०८०-०३-३१गते

श्री सबै ७ वटै वडा कार्यालयहरु
कचनकवल गाउँपालिका, झापा

विषय: नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको आ.व. २०८०/८१ को लागि नवीकरण गर्नका लागि च.नं १९७ को मिति २०८०/०३/२९ गते प्राप्त पत्र यसै पत्र साथ संलग्न छ । व्यहोरा सोहि पत्र बाट अध्ययन गरी सोहि अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

..........
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np Phone No.9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com

CS Scanned with CamScanner

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०८१/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- रा.सु. ११६

मितिः २०८०/०३/२१

विषय- सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा ।

श्री स्थानीय तह सवै,

प्रस्तुत सम्बन्धमा तहाँ मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुको सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत देहायको प्रक्रिया अपनाई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध छ।

देहाय

१. परिचयपत्र नवीकरणको समयावधि र प्रक्रियाकाबारे सम्पूर्ण लाभग्राहीलाई स्थानीय संचार माध्यम र सम्वन्धित वडा कार्यालय मार्फत सुसुचित गराउने । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा हुने व्यहोरा समेत जानकारी गराउने,

२. परिचयपत्र नवीकरण गर्दा सम्पूर्ण लाभग्राहीको बैंक खाता अद्यावधिक गर्ने,

३. लाभग्राहीको नागरिकता नं. जारी मिति, जारी गर्ने जिल्ला र तिन पुस्ते विवरण अद्यावधिक गरी नागरिकता प्रमाणपत्रको स्क्यान कपी प्रणालीमा अपलोड गर्ने,

४. प्रणालीमा लाभग्राहीको मोबाईल नं. अद्यावधिक गर्दा सम्वन्धित लाभग्राहीको मोबाईल नं. राखे । लाभग्राहीको मोबाइल नं. नभएको अवस्थामा निजको परिवार वा वास्तविक संरक्षकको मात्र मोबाइल नं. राखे,

५. परिचयपत्र नवीकरण भए पछि नवीकरण गरिएको निस्सा सम्वन्धित लाभग्राहीलाई उपलव्ध गराउने,

६. कुनै लाभग्राही परिचयपत्र नवीकरण गर्ने समयावधि व्यतित भए पछि नवीकरणको लागि आएमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन लिई प्रकिया अगाडि बढाउने ।

समीर भण्डारी
शाखा अधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nio@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np
CS Scanned with CamScanner